निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २ : प्रस्ताव नं.२ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी योजना (WASH Plan) तयार गर्ने जिम्मेवारी पाएको परामर्शदाता श्री नव किरण नेपाल,तानसेन-३,पाल्पाले सबै वडाहरुमा स्थलगत डाटा संकलन तथा सर्भेक्षण गरि प्रविष्टी गरेको खानेपानीको स्रोतको उपलब्धता,मुहान देखि लाभान्वित सम्मको दुरी तथा अवस्था , खानेपानी सुविधाको पहुँचमा रहेका लाभान्तवित घर परिवार संख्या तथा थप खानेपानी व्यवस्था गर्नुपर्ने सम्भावित क्षेत्र तथा लाभग्राही बारेको विस्तृत विवरण कार्यपालिका समक्ष प्रस्तुतिकरण गरियो। सो सम्बन्धमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धमा कुनै पनि घर परिवार नछुट्ने गरि खानेपानीको सहज पहुँच कायम गर्न तथा आगामी योजना तथा कार्यक्रम सँग मिलान हुने गरि तिनाउ गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी योजना (WASH Plan) सर्वसम्मत रुपमा स्विकृत गरियो।

निर्णय नं ३ : प्रस्ताव नं.३ माथि छलफल गर्दा तिनाउ गाउँपालिकामा मगर समुदायको बाहुल्यता रहेको तथा सबै जात जाति समुदायको सम्मान तथा संरक्षण गर्ने निति बमोजिम यहि २०८२ फागुन १५ गते पर्ने राष्ट्रिय मगर एकता दिवसको अवसरमा तिनाउ गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुमा सार्वजनिक बिदा गर्ने निर्णय गरियो। साथै उक्त दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै मगर समन्वय समितिले गर्ने कार्यक्रममा आवश्यक सहयोग गर्ने निर्णय सर्वसम्मत गरियो।

निर्णय नं ४ : प्रस्ताव नं.४ माथि छलफल गर्दा सडक बोर्ड नेपालको च.नं. ६७९,मिति२०८२।०९।२८ को प्राप्त पत्र बमोजिम तिनाउ गाउँपालिकाको लागि आ.व.२०८२।०८३ मा स्थानीय सडक मर्मत सम्भारको कार्य प्रयोजनार्थ रु.८,१०,०००।०० (अक्षेरुपी आठ लाख दश हजार रुपैयाँ मात्र ) स्विकृत गरि पठाएकोमा सडक बोर्ड नियमावली,२०६० को परिच्छेद ३ को नियम ९ बमोजिम देहायबमोजिमको समपूरक कोष गाउँपालिकाको तर्फबाट स्रोत सुनिश्चित गरि खर्च व्यहोर्ने गरि बार्षिक कार्यक्रम स्विकृत गरि सडक बोर्ड नेपालमा सहमतीको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो। साथै उक्त स्रोतबाट तिनाउ गाउँपालिका वडा नं १ ग्याङदी खोला स्थित मोटर बाटो व्यवस्थापन योजना सम्पन्न गर्ने निर्णय गरियो।

देहायः

| सि.नं. | सडक बोर्ड नेपालबाट स्विकृत रकम रु. | गाउँपालिकाले व्यहोर्ने समपूरक रकम रु. | कुल कायम रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | **८,१०,०००।** | **५,५०,०००।** | **१३,६०,०००।** | |

निर्णय नं ५ : प्रस्ताव नं.५ माथि छलफल गर्दा देहायबमोजिमका सर्वसम्मत निर्णयहरु गरियो ।

क. तिनाउ गाउँपालिकाको चालू स्विकृत कार्यक्रम कल्याणी आधारभूत विद्यालय नमुना विद्यालय निर्माण योजना कार्यान्वयनको सन्दर्भमा सचेतना तथा क्षमता विकास तालिमको पाटोलाइ अलग गरि अन्यको खरिद प्रकृया अगाडी बढाउने र आगामी सभाबाट अनुमोदन गर्ने ।